बालबालिकाका लागि बाइबल

को प्रस्तुती

# दाऊद एक गोठालो



लेखन: Edward Hughes

चित्र: Lazarus

संयोजन: Ruth Klassen
Alastair Paterson

अनुवाद: Mrs. Trifaina Subba

प्रकाशक: Bible for Children
www.M1914.org

©2020 Bible for Children, Inc.
अनुमतिपत्र: यो कथा सित्तैंमा वितरण गर्नको निम्ति मात्र प्रतिलिपि गर्न वा छाप्न अनुमति दिइएको छ तर बिक्रीका लागि होइन ।

धेरै वर्षअघि इस्राएलको राजा षाऊलको समयमा दाऊद नाउँ भएको ठिटो जसले उनको दाजूहरू साथै आफ्ना बाबुको भेड़ाहरू हेरचाह गर्ने काम गर्थे।



जब उनी जवान थिए, तब तिनी बलियो र साहसी थिए अनि परमेष्वरलाई प्रेम र भरोसा गर्दथे। तिनी बेतलेहेम षहरमा बस्दथे।



जब सिंहले भेड़ाहरूलाई खानको लागि आक्रमण गर्दछ तब जवान दाऊदले आक्रमण गर्नेलाई आक्रमण गर्दथे। बगालबाट भेड़ा बोकेर लैजान्छ, तब म त्यसको पदि गई त्यसलाई आक्रमण गरेर त्यसको मुखबाट त्यो षिकारलाई छुटाउँछु। दाऊदलाई थाह थियो कि परमप्रभुले तिनलाई सहायता गर्नुहुन्छ।



षमूएल परमेष्वरको अगमवक्ता दु:खीत थिए कि राजा षाऊलले परमप्रभुलाई हराएको थियो। “षाऊलको लागि कहिलेसम्म विलाप गरिरहन्छस्? म तँलाई बेतलेहेमको यिषैकहाँ पठाउँदैछु। किनभने मैले त्यसका छोराहरूमध्येको एक जनालाई राजा चुनेको छु” भनी परमप्रभुले षमूएललाई भन्नुभयो।



षमूएललाई थाह थियो कि षाऊलले अर्को राजा चुन्न गएको छ भनी सुन्यो भने तिनलाई मार्नेछ। तर उनले परमप्रभुको आज्ञा माने।





जब षमूएल यिषैकहाँ आए, तब तिनले आफ्ना सात छोराहरूलाई षमूएलको सामने हाजिर गरे अनि षमूएलले भने, “परमप्रभुले यिनीहरूमा कसैलाई पनि चुन्नुभएको छैन।” तर दाऊद मात्र छोड़िएको थियो। तिनी भेड़ाहरूसंग बाहिर थिए अनि तिनीहरूले दाऊदलाई भित्र ल्याए। अनि परमप्रभुले भन्नुभयो, “उठेर त्यसलाई अभिशेक गर्। व्यक्ति यही हो।”

षाऊलको महलमा परमप्रभुको आत्मा षाऊलबाट हटे अनि तिनी समस्याले भरिएको मानिस भए। तिनका दासहरूले सोचे कि एक असल धुनले मात्र षाऊलको मनलाई षान्त पार्न सक्छ। तिनीहरूमध्ये एक जवान मानिसले असल वीणा बजाउँथे। तपाईं अनुमान लगाउन सक्नुहुन्छ को हो त्यो व्यक्ति? हो! दाऊद।



दाऊदको धुनले षाऊललाई षान्त
अनि स्थिर हुन सहायता गर्थे।
षाऊलले यिषैलाई सोधे कि दाऊदलाई
राजाको सेवा गर्न बस्न दिनुहोस्।
जब षाऊललाई डर अनि त्रासले
सताउँथे तब दाऊदले वीणा
बजाइदिन्थे अनि त्यसले तिनलाई
सहायता गर्थे।





दाऊद घर गएपछि षाऊलको ठूलो लड़ाई पलिष्टीहरूसंग थियो। दाऊदको दाजूहरू षाऊलको सेनामा थियो। यसैले आफ्नो छोरो दाऊदलाई उनको दाजू-भाइहरूकहाँ खान दिएर र उनीहरू कस्तो छन् भनेर हेरेर आइज भनी पठाए।



पलिष्तीहरूको वीर गोल्यतले इस्राएलीहरूलाई डराइरहेका थिए।



वीर खड़ा भएर कराए, “मसंग लड़नलाई तिमीहरूको मानिस चुन, यदि एकलै लड़ेर त्यसले मलाई मार्नसक्यो भने हामी तिमीहरूका कमारा हुनेछौं। तर यदि म त्यसको निम्ति साह्रै बलियो ठहरिएर मैले त्यसलाई मारे भने तिमीहरूले हाम्रा कमारा भएर हाम्रो सेवा गर्नुपर्नेछ।”



जब इस्राएलका मानिसहरूले ती वीर मानिसलाई देखे तब तिनीहरू डराए अनि तिनीदेखि भागे।



दाऊदले षाऊललाई भने, “हजूर, हतास न हुनुहोस्, म गएर त्यस पलिष्तीसंग लड़नेछु।” षाऊलले दाऊदलाई झिलम लगाइदिए अनि तरवार दिए। त्यसको सट्टामा, दाऊदले लट्ठी उठाए र खोलाबाट पाँचवटा चिल्ला चिल्ला ढुंगा चुने र आफ्नो थैलोमा हाले। ?



गोल्यतले जब दाऊदलाई केही नलगाइ आइरहेको देखे तब तिनीले खिसी गरेर भने, “आइज, म तेरो मासु चरोहरू र जानवरलाई खान दिनेछु।” दाऊदले जवाफ दिए, “म तँसंग लड़न परमप्रभुका नाउँमा आएको छु। आजको दिन परमप्रभुले तँलाई मेरो हातमा सुम्पिदिनुहुनेछ। लड़ाई परमप्रभुकै हो।”





त्यसपछि दाऊद
गोल्यततर्फ दौड़े।
जसै तिनी दौड़े,
तिनले आफ्नो हात
झोलामा हालेर
एउटा ढुंगा निकाले
र घुँयेत्रोमा राखे र
घुमाएर त्यस
पलिष्तीको निधारमा
हाने र तिनी भूइँमा
लोट्यो।

तब दाऊद कुदेर गोल्यतकहाँ पुगे अनि तरवार थुतेर त्यसको टाउको काटिदिए। जब पलिष्तीहरूले गोल्यतको मृत्यु देखे तिनीहरू आफ्नो जीवन बचाउन भागे।



षाऊलले यो कुरा थाह गरेन् कि उनी त्यही दाऊद थिए
जसले उनको निम्ति वीणा बजाइदिने गर्थे। उनले दाऊदलाई
उनको सेनामा राखे अनि दाऊदलाई
गरिएको मान, इज्जत र उनको
विजयमा त्यहाँका मानिसहरूले
उनीप्रति ईश्र्या गरे। षाऊलले
सोचे तर राज्यबाहेक अब म के
दिनसक्छु? त्यस दिनदेखि अघि
षाऊलको आँखा
दाऊदमा नै रहे।





फेरि राजा षाऊलको मन बिचलित भए। दाऊदले वीणा बजाए अनि षान्त पार्न कोषिष गरे। तीनपल्ट तिनले आफ्नो भाला दाऊदमा फ्याके। तर हरेक समय दाऊद बाचे। षाऊल दाऊददेखि डराए किनकि परमप्रभु तिनीसंग थियो तर षाऊलदेखि गएको थियो।



तर षाऊलको छोरो जोनथनले दाऊदलाई आफ्नै भाइ सरह प्रेम गर्दथे। तिनले दाऊदलाई चेताउनी दिए कि “मेरो पिताले तपाईंलाई मार्न खोजिरहेका छन्।” यसकारण दाऊद लुके। उनको स्वास्नीले दाऊदलाई निर्दोश पाए अनि दाऊदलाई मध्यरातमा भगाए। जब षाऊलका मानिसहरूले तिनलाई लिन आए तब दाऊद त्यहाँबाट गइसकेका थिए।



दाऊदलाई षाऊलबाट टाढ़ा भागेर जानपÚयो। षाऊल भन्दा अघिनै दाऊद अनि जोनथनले एकअर्कासंग प्रतिज्ञा गरे कि तिनीहरूले एकाअर्कालाई सधैं सहायता गर्नेछ।



दुर्भाग्यवंष, ती दुइ मित्रहरू छुट्टिनपÚयो। दाऊदले अर्को जगह खोज्दै गए जहाँ षाऊलको सेनाहरूले डरनै थिए।



# दाऊद एक गोठालो

## परमेश्वरको वचन बाइबलबाट लिइएको कथा

## जुन

## 1 षमूएल 16-20

“तपाईंका वचनको व्याख्याले ज्योति प्रदान गर्छ ।”
भजनसंग्रह ११९:१३०

समाप्त

बाइबलको यो कथाले हाम्रा अद्भूत परमेश्वरको बारेमा बताउँदछ जसले हामीलाई बनाउनुभयो। तिमीले उहाँलाई चिन भन्ने उहाँ चाहनुहुन्छ।

हामीले खराब कामहरू गरेका छौं भन्ने परमेश्वर जान्नुहुन्छ जसलाई उहाँ पाप भन्नुहुन्छ। पापको सजाय मृत्यु हो, तर परमेश्वरले तिमीलाई यति धेरै प्रेम गर्नुहुन्छ कि तिम्रा पापको निम्ति क्रूसमा मरेर सजाय भोग्न उहाँले आफ्ना एकमात्र पुत्र येशूलाई पठाउनुभयो। त्यसपछि प्रभु येशू फेरि जीवित हुनुभयो र स्वर्गको आफ्नो घरमा जानुभयो १ यदि तिमीले प्रभु येशूमा विश्वास गऱ्यौ र तिम्रा पापहरू क्षमा गरिदिन उहाँसँग बिन्ती गऱ्यौ भने उहाँले तिमीलाई क्षमा गर्नुहुनेछ १ अनि उहाँ तिमीभित्र आएर वास गर्नुहुन्छ र तिमी सधैंभरि उहाँसँगै बस्नेछौ।

यदि तिमी यो कुरा साँचो हो भनी विश्वास गर्छौ भने परमेश्वरलाई यसो भनः
प्यारो प्रभु येशू, तपाईं परमेश्वर हुनुहुन्छ, मेरा पापहरूको निम्ति मर्न तपाईं मानिस बन्नुभयो र अहिले फेरि जीवित हुनुभएको छ भनी म विश्वास गर्दछु। कृपा गरी मेरो जीवनमा आउनुहोस् र मेरा पापहरू क्षमा गर्नुहोस् ताकि मैले अहिले नयाँ जीवन पाउन र सधैंभरि तपाईंसँग बस्न सकूँ। तपाईंको आज्ञा पालन गर्न र तपाईंको सन्तान भएर तपाईंको निम्ति जिउन मलाई सहायता गर्नुहोस्। आमेन।

दिनहुँ बाइबल पढ र परमेश्वरसँग कुराकानी गर १ यूहन्ना ३:१६